"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Execiutive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. :- ०८०/८१
च. नं. (Ref. No.) :- ६०

मिति : २०८०/०४/०५

श्री स्थायी कर्मचारीहरु (सबै),
पाँचखाल नगरपालिका।

विषय : आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत विभिन्न सेवा समूहका स्थायी कर्मचारीहरुले आ.ब.२०७९/८० मा सम्पादन गरेका कार्यहरु उल्लेख गरी देहायबमोजिमको ढाँचामा ४ प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम भरी मिति २०८०/०४/०७ भित्र यस कार्यालयमा दर्ता गराउनुहुन अनुरोध छ। साथै तोकिएको समयावधि भित्र दर्ता हुन नआएका का.स.मु.फारामहरु मूल्याङ्कन कार्यमा समावेश नगराइने र सो को जिम्मेवार सम्बन्धित कर्मचारी स्वयम् नै हुने बेहोरा समेत जानकारी गराइन्छ।

देहाय :

- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई स्वास्थ्य सेवा विभागबाट स्तरबृद्धि भएका स्वास्थ्य सेवाका कर्मचारीहरुले नेपाल स्वास्थ्य सेवा नियमावलीको अनुसूची-१७ बमोजिमको फाराम (अधिकृतस्तर र सहायकस्तरका लागि छुट्टाछुट्टै),
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई नेपाल स्वास्थ्य सेवा बाहेकका राजपत्राङ्कित द्वितीय श्रेणीका (नवौं र दशौं तह) कर्मचारीहरुको हकमा पँहेलो रङको फाराम, राजपत्राङ्कित तृतीय श्रेणीका (सातौं र आठौं तह) कर्मचारीहरुको हकमा नीलो रङको फाराम र छैटौं तह, राजपत्र अनङ्कित र श्रेणीबिहीन कर्मचारीको हकमा सेतो रङको फाराम,
- साविकको स्थानीय निकायबाट स्थानीय तहमा समायोजन भई बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्तरबृद्धि नभएका **कर्मचारीहरुले** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची-२८ बमोजिमको फाराम,
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्तरबृद्धि भएका **जुनसुकै सेवाका कर्मचारीहरुले** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूची-१३ बमोजिमको फाराम,
- सङ्घीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगको सिफारिसमा स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूची-१३ बमोजिमको फाराम,

*(नोट : कासमु फाराम यस कार्यालयको वेभसाइट www.panchkhalmun.gov.np वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।)*

(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत